# माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ्गले

# प्रदेश सभामा

# विश्वासको मतका लागि दिनु भएको बक्तब्य

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नम्वर -४

२०७४ साल, फागुन २५

**माननीय सभामुख महोदय,**

१. संविधान कार्यान्वयन र संघीयता व्यवस्थापनको राष्ट्रिय कार्यभार पूरा गर्ने जिम्मेवारी वोधका साथ म यस सम्मानित प्रदेश सभामा उपस्थित भएको छु। मेरो अध्यक्षतामा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश नम्वर ४ को प्रदेश सरकार २०७४ साल फागुन ४ गते देखि सञ्चालनमा आएको छ। नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले संविधानको उक्त धाराको उपधारा (४) बमोजिम ३०(तिस) दिन भित्र यस सम्मानित सभाबाट विश्वासको मत लिनु पर्ने व्यवस्था अनुसार म आज यस सभाको विश्वासको लागि उपस्थित भएको छु। मेरो अध्यक्षतामा गठन भएको प्रदेश सरकारलाई नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को समर्थन रहेको छ। यस सरकारलाई सभामा रहेका सवै राजनीतिक दलको पनि सहयोग,साथ र समर्थनको अपेक्षा समेत राखेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका जनआन्दोलन, सशस्त्र विद्रोह, मधेश आन्दोलन एव मुलुकको सार्वभौमिकता र अखण्डता अक्ष्युण राख्ने तथा सवै प्रकारका विभेद र बहिष्करणको अन्त्य गरी सामाजिक तथा आर्थिक रुपान्तरणका लागि जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात तथा अज्ञात सहिद प्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु। अब हामी सवैको चाँसो र ध्यान दीगो शान्ति, सुशासन, विकास र आर्थिक समृद्धि ल्याउने राष्ट्रिय कार्यसूचीमा मात्रै केन्द्रित रहने छ। हामी सवैको प्रतिबद्धता पनि यसैमा रहेको छ। प्रदेश सरकारले यस प्रदेशलाई सुन्दर, शान्त, समृद्ध र सभ्य बनाउने गरी विकास र सुशासनको कामको थालनी गरेको छु।

३. नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकार र साझा अधिकारको सूचि सहितको अधिकारको वाँडफाँड भएको छ। अब, हामीले प्रदेशको अधिकार सूचिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक

नीति,विधि,संरचना र प्रणालीको प्रवन्ध मिलाउदै जानु पर्ने छ।यो कार्य हामी बाहेक कसै र कहिँबाट नहुँने हुँदा म यस सम्मानित सभाको ध्यान यसमा लगाउन हार्दिक अनुरोध गर्दछु।हामीले बनाएको विधि र प्रणालीले नै देशका अन्य प्रदेशमा मात्र होइन संघीयता व्यवस्थापनका अन्य देशमा समेत नमूना बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

४. नागरिकको ताजा जनादेश संघीय शासन व्यवस्थालाई स्थीरता प्रदान गरी मुलुकमा रहेका सवै प्रकारका विभेदको अन्त्य गर्दै आर्थिक सामाजिक रुपान्तरणका माध्यमबाट समाजबाद उन्मुख राष्ट्र निर्माणको राष्ट्रिय कार्यभार पूरा गर्नु पर्ने रहेको छ।समन्यायिक विकासका लागि लगानी मैत्री वातावरणका माध्यमबाट निजी, सरकारी तथा सहकारीको पूँजी निर्माण एवम् लगानी बाट राष्ट्रिय उत्पादन बृद्धि र व्यापक मात्रामा रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्ने छ ।

५. हामीले हाम्रो प्रदेशलाई मात्रै होईन नेपाल राज्यलाई नै आर्थिकरुपमा समृद्ध बनाउन तीनै तहका सरकारका आर्थिक अधिकार र राजस्वको वाँडफाँडमा श्रेष्ठता र कुशलता देखाउनु पर्ने नै हुन्छ।प्रदेश सरकारबाट संघ, प्रदेश र स्थानीय सरकारका बीचको कार्यको उच्चस्तरको सहकारीता ,समन्वय र सहअस्तित्वका साथ कार्यको थालनी गरिने छ ।

६. प्रदेश सरकारले राष्ट्र निर्माणमा राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता, सामाजिक सदभाव तथा राष्ट्रिय एकता, शान्ति तथा स्थायित्व र विकास एवं समृद्धिका लागि विकासको खाका बनाउने छ।यसका साथै विकास र समृद्धिलाई नागरिक अधिकार, अवसर, सुरक्षा र सम्मानका चारवटा आधारभूत स्तम्भलाई सुदृढ गरिने छ।

७. प्रदेशको विकास र समृद्धिको लागि आर्थिक बृद्धिको संवाहक क्षेत्र पर्यटन, उर्जा र कृषि रहेकोले यसै क्षेत्रमा लगानी केन्द्रित गरिने छ।यसका साथै यो क्षेत्रको विकासको संवाहक बनाउन सडक पूर्वाधार, हवाई पूर्वाधार

लगायतका भौतिक पूर्वाधार र सूचना प्रविधिका क्षेत्रमा संघ र प्रदेशको लगानी बढाईने छ। प्रदेशको विकासको खाका बनाउदा हरित अर्थतन्त्र र दिगो विकासका आधारलाई आत्मसात गरिने छ।

८. आगामी पाँच वर्ष भित्रमा प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्रलाई जोड्ने स्तरीय सडकको निर्माण गरिने छ।आगामी दुई वर्षमा सवै गाँउवस्तीमा खानेपानी र ***उज्यालो प्रदेश*** कार्यक्रम अन्तर्गत विजुली पुऱ्याउने कामको थालनी गरिने छ।अन्तर्राष्ट्रियस्तरको बहुउपयोगी खेलमैदान र सम्मेलन केन्द्रको निर्माण सम्पन्न गर्ने गरि स्रोतको खोजी गरिने छ । यस प्रदेशमा मुटु, क्यान्सर र मृगौला रोगको उपचारको लागि अत्याधुनिक अस्पतालको निमाण गर्ने प्रदेश सरकारको प्रतिवद्धता रहेको छ। प्रदेश सरकारले यस प्रदेशमा रहेको बहुपहिचान संस्कृतिको संरक्षण र संम्बर्द्धन गर्नका लागि समुदाय सँगको सहकार्यमा बहुसाँस्कृतिक गाँउको निर्माण गरिने छ।साथै आगामी दश वर्षमा संघ, प्रदेश सरकार, नीजि र समुदायको लगानीमा तीनहजार मेगावाट उर्जा उत्पादनको लागि लगानीको वातावरण वनाईने छ ।

९. प्रदेशमा भूमिको वैज्ञानिक व्यवस्थापन तथा सिचाईमा लगानी बृद्धि गरी कृषिमा व्यवसायिककरण, अर्गानिक कृषिको मूल्य श्रृङखला र खाद्य सुरक्षामा जोड दिईने छ।प्रदेश, स्थानीय सरकार र कृषि सहकारीको लगानिबाट कृषि उपजको भण्डारण र बजारीकरणलाई सुनिश्चित गर्न **एक स्थानिय तह एक शितभण्डार** र प्रत्येक स्थानीयतहको प्रदेश राजधानी जोडने सडकको नजिकमा न्यूनतम एक आधुनिक कृषि बजार संकलन केन्द्रको विकास गरिने छ।साथै नमुना फार्महरुको विकास गरी कृषिको अनुसन्धान र उन्नत कृषि प्रसारको प्रवर्द्धन गरिने छ

१०. यस क्षेत्रमा रहेको जैविक एवं साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यको संरक्षण तथा पर्यटन पूर्वाधारको विकासको माध्यमबाट पर्यापर्यटनमा जोड दिईने छ। साथै गाँउ नगर पर्यटन कार्यक्रमका माध्यमबाट आगामी पाँच

वर्षमा तीनसय गाँउलाई ग्रामीण पर्यटकीय केन्द्रको रुपमा विकास गरिने छ ।आगामी अन्तिम पाँचौ वर्षमा यस प्रदेशमा बिस लाख पर्यटक ल्याउने गरी यस क्षेत्रको समग्र विकासमा जोड दिईने छ।

११. मुस्ताङ्ग जिल्लाको लोमन्थाङ्गलाई Forbidden Kingdom को रुपमा संरक्षण गरी पर्यटन क्षेत्रको विकास गरिने छ।

१२. संघ र स्थानीय सरकारसँग सहकार्यमा प्रदेशमा ठुलो औद्योगिक क्षेत्र र एक स्थानीय तहमा एक **औद्योगिक ग्राम**को स्थापना गरिने छ। प्रदेश र स्थानीय सरकारको सहलगानीमा स्थानीय सरकारको प्रत्येक वडामा एक लघु उद्योगग्रामको स्थापनाका लागि प्राविधिक तथा पूर्वाधार विकास गर्ने प्रवन्ध मिलाईने छ। यसका साथै प्रदेशमा उत्पादित भएका वस्तुको प्रयोगमा प्रोत्साहन गरिने छ।

१३. प्रदेश राजधानीको नजिकमा पर्ने पर्वतको कुश्मा र फलेवास, स्याङ्गजाको पुतलीबजार, तनँहुको शुक्लागण्डकी र लमजुङ्गको मध्यनेपाल लाई स्याटेलाईट सिटीको रुपमा विकास गरी आधुनिक शहरको निर्माण गरिने छ ।मस्याङदी भ्याली, कालिगण्डकी भ्याली लगायतका उपयुक्त स्थानमा प्रदेश स्तरका ठुला आधुनिक शहरहरुको विकास गरिने छ ।

१४. एक स्थानिय तहमा एक खेल मैदानको निर्माणका लागि स्थानीय सरकार सँग सहकार्य गरिने छ ।

१५. सामाजिक क्षेत्रको विकासको लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी र सरसफाईलाई उच्च प्राथमिकता साथ लगानी गरिने छ।साथै आगामी ५ वर्षमा यस प्रदेशलाई सफा र सुन्दर प्रदेशको रुपमा विकास गरिने छ।

१६. आगामी पाँच वर्ष भित्रमा प्रत्येक गाँउपालिकामा पच्चीस शैया, नगरपालिकामा पचास शैया र प्रदेशको राजधानीमा एकहजार शैयाको आधुनिक र सुविधा सम्पन्न अस्पतालको निर्माण गरिने छ।यसका साथै

बालवालिकाको स्वास्थ्यमा सुधार गर्न विशिष्टकृत बाल अस्पतालको निर्माण गरिने छ ।

१७. संघ र प्रदेशको लगानीमा मानव स्वास्थ्य सुधारको लागि खोप, भिटामिन र पोषणका कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन एक स्वास्थ्य कोषको अवधारणा ल्याईने छ ।

१८. संघ सँगको सहकार्यमा सवै स्थानीय तहमा एक बहु सीप सिकाईको लागि प्राविधिक विद्यालय र प्रदेशमा बहुसीपयुक्त महाविद्यालयको स्थापना गरिने छ।

१९. स्थानीय सरकार सँगको सहलगानीमा प्रत्येक स्थानीय तहका प्रत्येक वडामा एक पुस्तकालय तथा जेष्ठ नागरिक केन्द्र सञ्चालनमा ल्याउन प्रोत्साहित गरिने छ ।

२०. प्रदेश राजधानीको आसपासका जिल्लामा र पोखरा लेखनाथ महानगरपालिका भित्र प्राणी उद्यान (जियोलोजिकल पार्क) को निर्माण गरिने छ। यसका साथै **एक वडा एक उद्यान एक पालिका बहु उद्यान**हरुको निर्माणको लागि समुदाय र स्थानीय सरकार लाई उत्प्रेरित गरिने छ।

२१. प्रदेशको वित्त सन्तुलन कायम गर्दै मध्यमकालीन खर्च संरचनाका आधारमा आगामी वर्षको वजेट प्रस्तुत गरिने छ ।आगामी बर्षको बजेट प्रस्तुत गर्दा प्रादेशिक गौरवका आयोजनाको पहिचान गरी त्यस्ता आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता सहितको बहुवर्षीय ठेक्का प्रणालीबाट निर्माण सम्पन्न गर्ने गरी प्रवन्ध मिलाईने छ ।

२२. सवै राजनितिक दल तथा स्थानीय सरकार र नागरिक समाजको सुझाव र सल्लाह लिएर प्रदेशको राजधानी तोक्ने र प्रदेशको नामाकरण गरिने छ ।यसका साथै एकिकृत प्रादेशिक संरचनाको निर्माण गरिने छ।प्रदेशका

संगठन संरचना बनाउदा नागरिकका लागि सुगमता र आर्थिक दक्षता कायम हुने गरी प्रदेशका कार्यालयहरुको स्थापना गरिने छ।

२३. नागरिकले प्राप्त गर्ने प्रदेशका सेवालाई सेवाग्राही मैत्री र प्रविधिमैत्री बनाईने छ।सेवाको लागत कम गर्न एकिकृत सेवा केन्द्रको सञ्चालन गर्ने प्रवन्ध मिलाईने छ।यो प्रदेशमा सवै प्रकारका भ्रष्ट्राचारको अन्त्य गरी सुशासन कायम गरिने छ ।विकास आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको थालनी गरिने छ।वित्तीय व्यवस्थापनमा आर्थिक सुशासन कायम गरिने छ।नागरिकको गुनासोको सम्वोधन गर्न विद्युतीय प्रणालिको उपयोग गरिने छ।

२४. प्रदेश सभाको यसै अधिवेशनमा प्रदेश सरकारका लागि तत्काल आवश्यक पर्ने कानूनहरुको प्राथमिकिकरण गरी विधयेकहरु यस सभामा पेश गरिने छ ।

२५. प्रदेश र संघ सँगको सहकार्य र समन्वयमा प्रदेशको शान्ति सुव्यवस्था लाई थप सुदृढ गरि सवै प्रकारका अपराधको नियन्त्रण गरिने छ।

२६. मेरै नेतृत्वमा विकास निर्माणको कार्य तीब्र वनाउन आयोजना तर्जुमा र कार्यान्वयनको अनुगमनको एकिकृत कक्ष (War Room)को स्थापना गरिने छ। यसका साथै यस कक्षबाट प्रदेशमा सञ्चालित संघ,प्रदेश र स्थानीय सरकारका विकास आयोजना निर्माण तथा कार्यक्रमको सञ्चालन कार्यमा सहजिकरण गरि समयमै लागत नबढ्ने गरि निर्माण सम्पन्न हुने वातावरण सुनिश्चत गरिने छ ।

**माननीय सभामुख महोदय ,**

२७. हामीले हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत गर्न यस प्रदेशमा विकास र समृद्धिकै आधारबाट मात्रै संभव भएको मैले बुझेको छु। प्रदेश सरकारको ध्यान यसैमा केन्द्रित गर्नेछौ। तीनै सरकारको सहकार्य र सहकारीताको माध्यमबाट नै विकास र राज्यको सम्मुन्नति हासिल गर्ने राष्ट्रिय कार्यभार पुरा गर्न सक्ने मैले विश्वास लिएको छु।

२८. नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम म यस सम्मानित प्रदेश सभाबाट विश्वासको मतको लागि अपिल गर्दछु।

२९. अत्यन्त छोटो समयमा प्रदेश सरकार र प्रदेश सभा सञ्चालन गर्नमा सहयोग पुऱ्याउने आम यस प्रदेशका आदारणिय नागरिक, माननीय प्रदेश प्रमुख, माननीय प्रदेश सभाका सभामुख, माननीय उपसभामुख, माननीय सदस्य तथा नेपाल सरकार र प्रदेश सरकारका राष्ट्रसेवक कर्मचारी, निजिक्षेत्र र पत्रकार जगत प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। आगामी दिनमा पनि यस्तै प्रकारको सहयोग र सद्भावको अपेक्षा गर्दछु ।

**धन्यवाद**